# Annual Report

2079/80 (Jul 2022-Jun 2023)

**Dalit Women Network (DWN), Kirtipur**

**Contact No.:** 977 - 9861908775

**Email:** networkdalitwomen@gmail.com; dwnkathmandu@protonmail.com; manubrt23@yahoo.com

## Message from President

In Nepali society, Dalit women have been facing caste-based discrimination, untouchability, and gender-based violence in various ways. Due to various types of caste-based discrimination, untouchability, and social violence, human rights violations against Dalit women are increasing. The Caste-based Discrimination and Untouchability (Offence and Punishment) Act has provided punishment for caste discrimination and untouchability in the public and private sphere, but due to the lack of legal awareness and the ability of Dalit women to appeal in the justice system, the Act has not been effectively implemented. Due to the non-implementation of laws against caste-based discrimination and untouchability and gender-based violence, there is an increase in cases of discrimination and human rights violations against Dalit women, so the human rights of Dalit women have not been ensured. Dalit women are socially excluded and are also prevented from freely marrying non-Dalits. The access of Dalit women to education, healthcare, and other services is very low.

Dalit Women Network has been empowering and organizing women to ensure the rights and justice of Dalit women and other marginalized and excluded women. This year, the organization has mobilized women campaigners and vigilance committees against caste-based discrimination and gender-based violence. Enterpreneurship, legal awareness, leadership development training has been provided to Dalit and marginalized women to increase their access to economic opportunities and justice. We expect that this will help Dalit and marginalized women to unite against discrimination and violence and create economic opportunities.

During the implementation of the program, the members of the executive committee, staffs, advisors, target groups, and related stakeholders made a great contribution. I would like to express my special thanks to the executive members, staffs, and advisors of the organization, Kirtipur Municipality, TEWA, Women's Fund Asia, and other concerned stakeholders who helped to successfully implement the programs at the level of remarkable achievement. We would like to present the achievements of the organization through this annual report. I sincerely request all well-wishers to look at and read the achievements mentioned in the annual report and suggest constructive advice to the Dalit Women Network in the direction of doing better in the coming year.

Thank you.

**Sarswoti Pariyar**
**President, Dalit Women Network (DWN)**

## 1. Introduction to Organization:

Dalit Women Network (DWN) was established in April 2018 as a campaign to ensure Dalit women's human rights and access to justice and was duly registered as an organization on 20 February 2019 at the District Administration Office, Kathmandu. This organization has also joined the Social Welfare Council (SWC). The main interest of the organization is to focus on making the local government responsible and accountable for Dalit women's access to human rights, justice, and development through women's empowerment. The organization has built strong relationships with local governments, women's organizations, Dalit organizations, civil society, and other stakeholders at the local level by raising issues related to Dalit women's rights and inclusion.

DWN is contributing to the promotion and protection of Dalit women's human rights by strengthening the structure of the feminist movement at the local level (Dalit women's groups, Dalit women's human rights defenders, front-line women leaders and their alliances). It believes itself to be an organization that works as a campaigner to increase Dalit women's access to resources and service delivery, build the capacity of women human rights defenders and women activists, and mobilize them in advocacy campaigns to prevent caste and gender discrimination and promote inclusive local governance.

**Vision:** Creation of a Just and Equitable Society for Dignified Life of Dalit Women.

**Mission:** Organize and empower Dalit women and other marginalized women to engage with a right-based women's movement for strengthening their human rights and improving their socio-economic status.

**Goal:** The main goal of the organization is to empower the community with a special focus on advancing human rights and access to justice and development for Dalit women.

**Objectives:**

- Increase public awareness and empowerment of women to address the prominent issues of caste-based discrimination and gender-based violence in society and claim rights and inclusiveness for justice and development of Dalit women;
- Enhance entrepreneurship knowledge and skills of Dalits and marginalized women to engage them with enterprises and business activities;
- Organize and empower Dalit women to address the issues and problems of human rights, justice, education, sexual reproductive health, disaster risk reduction, and climate change at the community level;
- Promote inclusive local governance to increase the access of Dalit women to development resources and service delivery.

**Values**

**Rights and Dignity:** In accordance with the Universal Declaration of Human Rights and National Laws, we want to work with a human rights-based approach for rights and dignity of Dalit women.
**Commitment:** We provide a commitment to fight against caste-based discrimination and gender-based violence in society in order to create just and equitable society for all citizens.
**Solidarity:** We express solidarity with the women's rights movement and processes at the local and national level to promote integrity, accountability, transparency, and respects for rights and dignity of Dalit women.
**Participation and Representation:** Women from Dalits, marginalized and vulnerable groups, and young people will have important roles in the development and gender justice through their meaningful participation and representation at the decision-making level.
**Social Transformation:** We believe in the collective action of women's rights organizations, networks, alliances, and other relevant human rights and justice institutions for social transformation in the lives of Dalit women and girls.

**Core Areas of Program Intervention:**
The core areas of program intervention are:
a. Awareness Raising and Advocacy for Women's Rights
b. Economic Empowerment
c. Education and Health
d. Immediate Relief in Emergencies and Housing Support
e. Institutional Development

## 2. Achievement of the Program

## 2.1. Enterprise development for creating economic opportunities for Dalit and marginalized women

### Five-day Training on Soap Making for women group members of Ward No.2, Kirtipur

A five-day entrepreneurship development training on Soap Making was provided from the 2nd to 6th of Baisakh 2080 B.S. for 24 marginalized women of Sarswoti Women Group of Kwancho, ward no.2, Kirtipur Municipality. A soap making machine was handed over to the Saraswati Women Group of Kwancho to create economic opportunities by involving women in the soap industry business. With this, it is expected that the women of Kwancho will be able to collectively expand their business by arranging quality soap production and marketing.






"सम्मानित र प्रतिष्ठित जीवन दलित महिलाको चाहना, न्यायिक तथा समतामूलक समाज सबै नागरिकको परिकल्पना"
" डल्ला साबुन बनाउने ५ दिने तालिम "
(२०८० वैशाख २ गते देखि ६ गते सम्म)
स्थानः क्वाचो, वडा नं. २ कीर्तिपुर
आयोजक
दलित महिला सञ्जाल
कीर्तिपुर, काठमाडौं
सहयोग र समन्वय
कीर्तिपुर नगरपालिका
कीर्तिपुर, काठमाडौं










**Seven-day training on toilet cleaner, phenyand liquid soap making**

A total of 27 Dalit and marginalized women from 3, 7, and 9 wards of Kirtipur Municipality were provided a 7-day training on toilet cleaner, phenyl, and liquid soap making from 25 – 31 Baisakh 2080 B.S. The training was conducted from May 25 to 31, 2080 to develop entrepreneurship and promote business in the group.











## 2.2. Capacity building and institutional development of Dalit and marginalized women

**A two-day training on leadership development and management**

Leadership development and management training was conducted on the 21st and 22nd January 2023. A total of 25 people including Dalit women campaigners and Dalit women elected representatives participated in the training. The leadership development training made the participants able to identify true leadership and management qualities, demonstrate leadership qualities in front of the team, improve their decision making skills, learn different leadership styles and how to respond and support others as a good leader. The training was focused on who is the leader. definition of a leader, the qualities of a good leader and how to be an effective leader, different types of leadership styles, learning from influential leaders in the world and developing leadership, information about support and leadership development in community philanthropy, time management and the role of leadership in team building, women's human rights and access to justice.

The participants of the training received information about leadership development. The training became meaningful, active participation, energetic and motivating. Impossibility (small things matter) leads to possibility as Dalit women campaigners and Dalit women representatives also felt that they could lead in future. The participants of the training expressed that the training was completely practical. Although there are some problems and challenges that the participants have to face, they have received encouragement and motivation from each other to solve and face them. Dalit campaigners and locally elected women representatives who participated in the training requested to provide more training for capacity building. Some participants have also expressed their strong belief that after this leadership development training provided by the organization, they can improve their capacity to take leadership.





**Three-day training on legal aid and self-care for women activists**

Legal aid and self-care training were conducted from 15th to 17th Baisakh 2080. The training focused on women's human rights, legal support and facilitation for women victims of violence, and self-defense of women activists who move forward for human rights and justice. A total of 27 women including Dalit women activists and locally elected women participated in the training.

Nepal's legal system and the jurisdiction of local judicial committees, civil and criminal cases, going to the police and court procedures, the role of ward-level conciliation centers and local judicial committees for dispute resolution and reconciliation, investigation and prosecution of gender-based violence cases, psychosocial counseling support for survivors of violence, Local Government Operation Act Subjects related to identification of cases and alternative dispute resolution or BMC methods adopted by local judicial bodies, the need for self-care for women activists, psychosocial counseling and trauma-informed care, integrated security, stress management and the overall well-being of women activists were included in the training.

The training has helped strengthen the capacity of women activists/leaders of the Dalit community by providing legal education, advice, and advocacy skills to increase access to justice for women and girls at the community level. During the training, the participants expressed their commitment to helping the Mediation Center and local Judiciary Committee to prevent and reduce caste discrimination, untouchability, and gender-based violence in the society and to give justice to the victims.










**Development of a five-year strategic plan**
Dalit Women Network has been conducting various legal awareness, income generation, and advocacy activities with the support of the local government since its registration in Feb 2019 at the District Administration Office, Kathmandu. Due to a lack of funds to run the organization, it was facing a difficult situation to smoothly run the office as it could not pay the office rent. TEWA has provided financial support for office rent and the development of a five-year strategic plan for the organization. A strategic plan (2023 – 2027) has been prepared based on experience, learning, opportunities, and challenges faced by the organization.

## 2.3. Program to strengthen Dalit women's human rights and access to justice

**Formation and mobilization of groups of Dalit women activists**
In order to promote and protect the human rights of women from Dalits, marginalized and other excluded groups, a group of Dalit women activists/leaders has been formed to actively play their role as women human rights defenders. A total of 22 Dalit women have joined the groups. To mobilize groups on human rights and other justice for women affected by caste-based discrimination, gender-based violence and other forms of discrimination at the community level; monthly meeting of women's campaign leaders

are being conducted. The members of the group are motivated and oriented as women human rights defenders to provide legal assistance to the victims of human rights violations.

**Formation and mobilization of vigilance Committee**

A monitoring/vigilance committee has been formed at the municipal level among human rights activists, Dalit women activists and locally elected public representatives, women leaders to monitor and legally support incidents of gender-based violence and human rights violations. The committee has been made active with the involvement of 16 people representing Dalit and non-Dalit community women leaders from each ward of Kirtipur municipality, the local judicial committee, ward-level reconciliation center, and community police. The vigilance committee will be active in controlling and preventing incidents of gender-based violence, caste-based discrimination untouchability, and other human rights violations at the community level.

**Coordination meeting**

Coordination meeting on "Role of local judicial committee to end caste-based discrimination and untouchability experienced by Dalit women" was held on 28 June 2080 in Kirtipur Municipality meeting room. In the coordination meeting, the participants were informed about the caste and other social untouchability and discrimination (offense and punishment) Act, 2068 (First Amendment Act, 2075) through the lawyer. The discussions were held with the judicial committee, ward president, police, elected public representatives, conciliators, and representatives of civil society to effectively implement the law to end caste-based discrimination and untouchability experienced by Dalit women. The local government representatives participating in the meeting expressed their commitment to coordinate and cooperate for the development and implementation of public awareness in the community about the act made to regulate the offense and punishment of caste and other social untouchability and discrimination.

## 3. Problems and challenges encountered while running the program

- Dalit women with low literacy had difficulty explaining clearly in the training, meeting and workshop.
- Lack of legal awareness and complete information and motivation to take the cases of Dalit women victim in the justice process.

## 4. Efforts to be provided for solve problems and challenges

- To choose the contents and methods of the training in a way that can be arranged and explained according to the level of the participants.
- In the coming days, measures will be taken to provide more information about the legal process so that Dalit women can get justice.
- To solve the challenges, choose the participants according to the wishes, needs, and levels of the people who will be involved and clarify the content. Providing

more information about the legal process and actively mobilizing the monitoring committee to prevent caste discrimination and gender-based violence.

## 5. Sustainability

After running the program, Dalit women campaigners, elected women representatives at the local level, and members of organizations who have gained knowledge and information will play effective leadership roles to provide legal support for victims/survivors. For the prevention of caste-based discrimination, untouchability and gender-based violence faced by Dalit women, a group of Dalit women campaigners and a monitoring committee consisting of elected women representatives and members of organizations will continue to prevent caste-based discrimination and gender-based violence in society. They will be made more active to work constantly in the coming days. The five-year strategy created by the organization has given clear direction to move forward for sustainability. The organization will work systematically to sustain the achievement of the program while runing it.

## KEY ACHIEVEMENT FROM PAST TO PRESENT:

- Entrepreneurship skill development training on shoe-making and clothes sewing provided to 47 Dalit women, including shoe-making and cloth sewing machines distributed to 22 Dalit women. Dalit women have started to produce and market the shoes and clothes in a group.
- A total of 150 school-going children from Dalits and marginalized groups were provided educational materials (book, notebook, pen, school bag, shoes, uniform) to continue their school education. A total of 30 SEE exam-attended students from Dalits and marginalized groups have participated in a three-month bridge course to support their further education and career development.
- A total of 225 women (locally elected Dalit women, women activists, women human rights defenders and women group leaders) were trained and oriented with, leadership development, legal empowerment, self-care and legal aid to prevent caste-based discrimination, gender-based violence, and other forms of discrimination in society.
- A total of 60 women and adolescent girls from Dalits and marginalized groups were oriented about their reproductive health with the distribution of sanitary pads.
- Basic and advanced tailoring and cutting training provided to 20 women from Dalits and marginalized groups and started a tailoring center in a group to produce clothing items for marketing as per the demand.
- The Dalit women group in ward no. 9 of Kirtipur Municipality was financially supported to operate a community grocery shop for income generation.
- A total of 20 Dalit and marginalized women in wards No.4 and 5 of Kirtipur municipality were supported in goat raising for their income.

- Three-month music training provided to 15 youths from Dalits and marginalized groups to promote musical knowledge and skills.
- A total of 25 unemployed and educated women trained with three-day proposal writing and resource mobilization training to enhance their knowledge and skills to raise funds for community development.
- Two-day Gender Equality and Social Inclusion (GESI) training conducted for 30 women from Dalits and marginalized groups to assist in implementing the GESI policy formulated by Kirtipur Municipality.
- Three-day psychosocial counseling orientation conducted to 24 women rights activists and women human rights defenders to provide counseling services for the people affected by psychosocial problems during the COVID pandemic and its aftermath.
- Health and hygiene kits (masks, sanitizer, soap, sanitary pad, pulse oximeter, etc.) were distributed to 100 women from Dalit and other marginalized groups to motivate them for health precautions, and practice proper hygiene in the time of COVID-19.
- A package of food items (25 Kg of rice, pulse/beans, cooking oil, salt, sugar, etc.) was distributed to 70 households of low-income most vulnerable people (daily wage workers), pregnant women, lactating mothers, people living with disabilities and chronic diseases.
- A total of 40 Dalit women have been provided with a tailoring and shoe-making machine to promote and set up their occupation as enterprise and business development.
- A group having 22 Dalit women human rights defenders and a 15-member vigilance committee have been formed and mobilized to prevent caste-based discrimination and gender-based violence in Kirtipur Municipality.
- A total of 51 Dalits and marginalized women were trained in soap-making, toilet cleaner, phenyl and liquid soap making and they have sltrsfy started enterprise and business collectively in groups.

# बार्षिक प्रतिवेदन
# २०७९/८०

## दलित महिला सञ्जाल, कीर्तिपुर

**(Dalit Women Network, Kirtipur)**


**सम्पर्क फोन नं. ९७७ -९८६१९०८७७५**

**Email: networkdalitwomen@gmail.com; dwnkathmandu@protonmail.com; manubrt23@yahoo.com**

## अध्यक्षको भनाई

नेपाली समाजमा दलित महिलाहरूले जातीय भेदभाव, छुवाछूत र लैङ्गिकतामा आधारित हिंसालाई विभिन्न किसिमले सामना गर्दै आईरहेका छन् । विभिन्न प्रकारका जातीय विभेद, छुवाछूत र सामाजिक हिंसाका कारण दलित महिलामाथि मानवअधिकारको उल्लङ्घनका घटनाहरु बढिरहेका छन् । जातीय विभ्द तथा छुवाछुत (कसुर तथा सँजाय) ऐनले सार्वजनिक र निजी क्षेत्रमा जातीय विभेद र छुवाछूत गर्न पाइँदैन कोही कसैले गरेको पाईएमा सँजायको व्यवस्था गरेको छ तापनि कानूनी सचेतना र न्याय प्रणालीमा दलित महिलाको अपिल गर्ने क्षमताको कमीका कारण ऐन प्रभावकारी रुपमा कार्यान्वयनमा आउन सकेको छैन । जातीय विभेद तथा छुवाछूत र लैङ्गिकतामा आधारित हिंसा विरुद्धको कानुन कार्यान्वयन हुन नसक्दा दलित महिलामाथि विभेद र मानवअधिकार उल्लङ्घनका घटनामा वृद्धि भईरहेकाले दलित महिलाको मानवअधिकार सुनिश्चित हुनसकेको छैन । दलित महिलाहरूलाई सामाजिक रुपमा बहिष्करणमा पारिएको छ साथै अन्य गैरदलितसँग स्वतन्त्र रूपमा विवाह गर्नबाट पनि रोक लगाइएको छ । छुवाछूतले गर्दा शिक्षा, स्वास्थ्य सेवा र अन्य सेवाहरूमा दलित महिलाहरूको पहुँच अति न्यून छ ।

दलित महिला सञ्जालले दलित महिला र अन्य सिमान्तकृत र बहिष्करणमा पारिएका महिलाहरूको अधिकार र न्याय सुनिश्चित गर्न महिलाहरुलाई सशक्तिकरण र संगठित गर्ने कार्य गर्दै आईरहेको छ । यस आर्थिक वर्ष २०७९/०८० मा संस्थाले कीर्तिपुर नगरपालिकामा दलित र सीमान्तकृत समूहका महिलाहरुको आर्थिक विकासमा पहुँच पुऱ्याउन उद्यमशीलता विकासका लागि व्यवसायिक ज्ञान र सीप अभिवृद्धि, कानुनी सचेतना, नेतृत्व विकास, जातीय विभेद र लैङ्गिकतामा आधारित हिंसा न्यूनिकरणका लागि महिला अभियानकर्ता र निगरानी समितिलाई परिचालन, संस्थागत विकास जस्ता कार्यक्रमका विभिन्न क्रियाकलापहरु संचालन गरेको छ । यसले दलित महिलालाई विभेद र हिंसा विरुद्द एकजुट गराई आर्थिक अवसर सिर्जना गर्न सहयोग पुऱ्याउने अपेक्षा गरेका छौं ।

कार्यक्रम कार्यान्वयन गर्दा कार्य समितिका सदस्यहरू, कर्मचारीहरू, लक्षित समुह र सम्बन्धित सरोकारवालाहरूको ठुलो योगदान रहेको थियो । उपलब्धि हासिल गर्नका लागि सहयोग गर्ने समितिका पदाधिकारीहरु, सदस्यहरू, कर्मचारीहरु, आर्थिक सहयोग प्रदान गर्ने कीर्तिपुर नगरपालिका, टेवा र ओमेन्स फण्ड एशिया र अन्य सरोकारवालाहरूलाई विशेष आभार प्रकट गर्दै धन्यवाद दिन चाहन्छु । संस्थाले हासिल गरेका उपलब्धिहरुलाई यो वार्षिक प्रतिवेदनमार्फत प्रस्तुत गरेका छौं । वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका उपलव्धीहरु हेरेर र पढेर आगामी बर्षमा अझ राम्रो गर्ने दिशामा दलित महिला सञ्जाललाई रचनात्मक सल्लाह सुझाव दिनुहुन सम्पूर्ण शुभचिन्तकहरूलाई हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

**सरस्वती परियार**
**अध्यक्ष, दलित महिला सञ्जाल कीर्तिपुर**

## १. संस्थाको परिचय

दलित महिलाको मानवअधिकार सुनिश्चितता र न्यायमा पहुँचका लागि एक अभियानको रूपमा अप्रिल २०१८ मा दलित महिला सञ्जालको स्थापना भयो र २० फेब्रुवरी २०१९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा विधिवत रुपमा नै संस्थालाई दर्ता गरियो । समाज कल्याण परिषद्मा समेत यो संस्था आवद्ध भएको छ । महिला सशक्तिकरण मार्फत दलित महिलाको मानव अधिकार, न्याय र विकासमा पहुँचका लागि स्थानीय सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन विशेष ध्यान केन्द्रित गर्नु संस्थाको मुख्य चासो रहेको छ । संस्थाले दलित महिलाको अधिकार र समावेशीकरणका लागि सम्बन्धित मुद्दाहरू उठाउन गरी स्थानीय सरकार, महिला संघसंस्था, दलित संघसंस्था, नागरिक समाज र स्थानीय तहका अन्य सरोकारवालाहरूसँग बलियो सम्बन्ध बनाएको छ ।

दलित महिला सञ्जालले स्थानीय तहमा नारीवादी आन्दोलन (दलित महिला समूह, दलित महिला मानव अधिकार रक्षक, अग्रपंक्तिमा रहेका महिला नेताहरू र यसका गठबन्धनहरू) को संरचनालाई सुदृढ गर्दै दलित महिला मानवअधिकारको प्रवर्दन र संरक्षणमा योगदान पुऱ्याईरहेको छ । दलित महिलाहरूको स्रोत र सेवा प्रवाहमा पहुँच बढाउन, महिला मानवअधिकार रक्षकहरू र महिला कार्यकर्ताहरूको क्षमता निर्माण गर्न र जातीय र लैङ्गिक भेदभाव रोक्न र समावेशी स्थानीय शासन प्रवर्दन गर्न पैरवी अभियानमा उनीहरूलाई परिचालन गर्ने अभियानकर्ताको रूपमा काम गर्ने संस्था भनी दलित महिला सञ्जालले आफूलाई विश्वास गर्दछ ।

**परिकल्पना** : दलित महिलाहरूको सम्मानजनक जीवनको लागि न्यायपूर्ण र समतामूलक समाजको निर्माण

**ध्येय :** दलित महिला र अन्य सीमान्तकृत महिलाहरूलाई उनीहरूको मानवअधिकार सुदृढ र उनीहरूको सामाजिक-आर्थिक स्थिति सुधार गर्न अधिकारमा आधारित महिला आन्दोलनमा संलग्न हुन संगठित र सशक्तिकरण गर्ने ।

**लक्ष्य :** संस्थाको मुख्य लक्ष्य दलित महिलाहरूको लागि मानव अधिकार र न्यायमा पहुँच र विकासमा विशेष ध्यान केन्द्रित गरी समुदायलाई सशक्त बनाउनु हो ।

**उद्देश्यहरु :**

- समाजमा विद्यमान जातीय भेदभाव र लैङ्गिक हिंसाका प्रमुख मुद्दाहरूलाई सम्बोधन र दलित महिलाहरूको न्याय र विकासको लागि अधिकार र समावेशीताको दाबी गर्न जनचेतना अभिवृद्दि र महिलालाई सशक्तिकरण गर्ने;
- दलित र सीमान्तकृत समूहका महिला र युवाहरुलाई आर्थिक अवसर र स्वरोजगार सिर्जना गर्न उद्यम र व्यापारिक गतिविधिहरुमा संलग्न गराउने;
- मानव अधिकार, न्याय, शिक्षा, यौन तथा प्रजनन स्वास्थ्य, विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तनका सवाल र समस्याहरूलाई सम्बोधन गर्न दलित महिलाहरुलाई सामुदायिक तहमा संगठित र सशक्तिकरण गर्ने;

- विकास स्रोत र सेवा प्रवाहमा दलित महिलाको पहुँच बढाउन समावेशी स्थानीय शासनको प्रवर्दन गर्ने ।

**कार्यक्रमका मुख्य क्षेत्रहरू**

१. महिला अधिकारको लागि सचेतना र पैरवी

२. आर्थिक सशक्तिकरण

३. शिक्षा र स्वास्थ्य

४. आपतकालीन अवस्थामा तत्काल राहत र आवास सहायता

५. संस्थागत विकास

## २. कार्यक्रमको उपलब्धि

## क. दलित र विपन्न महिलाहरुको आर्थिक अवसर सिर्जनाका लागि उद्यम विकास

### वडा नं. २ का महिला समूहलाई डल्ला साबुन बनाउने तालिम (५ दिने)

समुहमा बसेर डल्ला साबुन बनाई उद्यमशीलता विकासका लागि इच्छुक वडा नं. २ क्वाँचोका विपन्न २४ जना महिलाहरु छनौट गरी ५ दिने डल्ला साबुन बनाउने तालिम २०८० वैशाख २ देखि ६ गतेसम्म क्वाँचोमा संचालन गरिएको थियो । महिलाहरुलाई समुहमा साबुन उद्योग व्यवसायमा संलग्न गराई आर्थिक अवसर सिर्जना गर्नका लागि साबुन बनाउने मेशिन क्वाँचोकै सरस्वती महिला समूहलाई हस्तान्तरण गरिएको थियो । यसबाट गुणस्तरीय साबुन उत्पादन र बजारीकरणको व्यवस्था गर्ने गरी सामुहिक रुपमा व्यवसाय विस्तारका लागि क्वाँचोका महिलाहरु सक्षम हुने अपेक्षा राखिएको छ ।


















**सात दिने ट्वाईलेट क्लिनर, फिनेल र झोल साबुन बनाउने तालिम**

उद्यमशीलता विकास र व्यवसाय प्रवर्द्धन गर्नका लागि वडा नं. ३, ७ र ९ बाट जम्मा २७ जना दलित तथा विपन्न महिलाहरुलाई ७ दिने ट्वाईलेट क्लिनर, फिनेल र झोल साबुन बनाउने तालिममा प्रदान गरिएको थियो । तालिम २०८० वैशाख २५ देखि ३१ गतेसम्म संचालन भएको थियो ।








७ दिने ट्वाइलेट क्लिनर, फिनेल
र झोल साबुन बनाउने तालिम


" ७ दिने ट्वाइलेट क्लिनर, फिनेल
र झोल साबुन बनाउने तालिम "
दलित महिला सञ्जाल
कीर्तिपुर नगरपालिका



## ख. दलित तथा विपन्न महिलाको क्षमता अभिवृद्धि र संस्थागत विकास

### नेतृत्व विकास र व्यवस्थापन सम्बन्धी दुई दिने तालिम

नेतृत्व विकास र व्यवस्थापन तालिम २०७९ साल माघ ७ र ८ गते तदनुसार २१ र २२ जनवरी २०२३ मा सम्पन्न भएको थियो । तालिममा दलित महिला अभियानकर्ता र दलित महिला जनप्रतिनिधि गरी जम्मा २५ जनाको सहभागिता थियो । नेतृत्व विकास तालिममा सहभागीहरूलाई साँचो नेतृत्व र व्यवस्थापन गुणहरू पहिचान गर्न, टोलीको अगाडि नेताका विशेषताहरू प्रदर्शन गर्न, आफ्नो निर्णय गर्ने क्षमतामा सुधार गर्न, विभिन्न नेतृत्व शैलीहरू सिक्न र एक असल नेताको रूपमा अरूलाई प्रतिक्रिया कसरी दिने र सहयोग कसरी गर्ने भनी सहजिकरण गरिएको थियो । तालिमका विषयवस्तुहरु अन्तर्गत नेता को हुन् ? नेताको परिभाषा, असल नेतामा हुनुपर्ने गुणहरु र कसरी प्रभावशाली नेता बन्ने, विभिन्न प्रकारका नेतृत्व कार्यशैली, विश्वको प्रभावशाली नेताबाट पाठ सिकेर नेतृत्व विकास गर्ने, टेवाको बारेमा जानकारी र सामुदायिक परोपकारीतामा नेतृत्व विकास, समय व्यवस्थापन र समूह निर्माणमा नेतृत्वको भूमिका, महिलाको मानवअधिकार र न्यायमा पहुँच अभिवृद्दि गर्नका लागि असल नेता र प्रभावकारी नेतृत्व समावेश गरिएको थियो ।

तालिमका सहभागीहरुले नेतृत्व विकास सम्बन्धी जानकारी प्राप्त गरेका छन् । तालिम अर्थपूर्ण, सक्रिय सहभागिता, ऊर्जावान र प्रेरक बन्यो । असम्भव (साना कुराहरू महत्त्वपूर्ण) ले सम्भाव्यतातर्फ डोऱ्याउँछ किनकि दलित महिला अभियानकर्ता र दलित महिला जनप्रतिनिधिहरुले आगामी दिनमा नेतृत्व गर्न सक्छौं भन्ने महसुस पनि गरेका थिए । तालिम पूर्ण रूपमा व्यावहारिक भयो भन्ने कुरा तालिमका सहभागीहरुले व्यक्त गरेका थिए । सहभागीहरूले सामना गर्नुपर्ने केही समस्या र चुनौतीहरू भए पनि समाधान र सामना गर्न उनीहरूलाई एकअर्काबाट प्रोत्साहन र उत्प्रेरणा मिलेको छ । तालिममा सहभागी दलित अभियान्ता र जनप्रतिनिधिहरुले क्षमता विकासका लागि थप प्रशिक्षण प्रदान गर्न अनुरोध गरेका थिए । केही सहभागीहरुले संस्थाले प्रदान गरेको यो नेतृत्व विकास तालिमपछि हामीले हाम्रो क्षमता अभिवृद्धिमा सुधार गर्दै नेतृत्व लिन सक्ने कुरामा दृढ विश्वास व्यक्त समेत गरेका छन् ।









**महिला अभियान्ताहरुलाई कानूनी सहायता र आत्म-हेरचाह सम्बन्धी तीन दिने तालिम**

कानूनी सहायता र आत्महेरचाह तालिम २०८० साल बैशाख १५ देखि १७ गतेसम्म ३ दिन संचालन गरिएको थियो । उक्त तालिम महिला मानवअधिकार, हिंसा पीडित महिलालाई कानुनी सहयोग तथा सहजीकरण र मानवअधिकार र न्यायको लागि अघि बढ्ने महिला अभियान्ताहरुको आत्मारक्षामा केन्द्रित थियो । दलित महिला अभियानकर्ता र स्थानीय तहमा निर्वाचित महिला गरी २७ जना महिलालाई तालिममा सहभागिता गराईएको थियो । नेपालको कानूनी प्रणाली र स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र, देवानी र फौजदारी मुद्दा, प्रहरीमा जाने र अदालती प्रक्रिया, विवाद समाधान र मेलमिलापका लागि वडास्तरी मेलमिलाप केन्द्र र स्थानिय न्यायिक समितिको भूमिका, लैङ्गिकतामा आधारित हिंसाका मुद्दाहरूको अनुसन्धान र अभियोजन प्रक्रियाहरु, हिंसाबाट बाँचेकाहरूलाई मनोसामाजिक परामर्श सहयोग, स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत मुद्दाहरूको छिनोफानो र स्थानीय न्यायिक निकायहरूले अपनाउने वैकल्पिक विवाद समाधान वा ADR विधिहरू, महिला अभियान्ताहरूको लागि आत्म-हेरचाहको आवश्यकता, मनोसामाजिक परामर्श र आघात-सुचित हेरचाह, एकीकृत सुरक्षा, तनाव व्यवस्थापन र महिला कार्यकर्ताको समग्र कल्याण सम्बन्धी विषयवस्तुहरु तालिममा समावेश गरिएका थिए ।

तालिमले सामुदायिक स्तरमा महिला र बालिकाहरूको न्यायमा पहुँच बढाउन कानुनी शिक्षा, सल्लाह र वकालत गर्ने सीपहरू प्रदान गरेर दलित समुदायका महिला कार्यकर्ता/नेताहरूको क्षमतालाई सुदृढ पार्न सहयोग गरेको छ । तालिम संचालन गर्दा स्थानीय न्यायिक समितिसँग समन्वय गरी समाजमा

घट्ने र घटेका जातीय विभेद, छुवाछूत र लैङ्गिकतामा आधारित हिंसा रोकथाम र पीडितलाई न्याय दिन मेलमिलाप केन्द्र र न्यायिक समितिलाई सहयोग गर्ने प्रतिवद्दता सहभागीहरुले व्यक्त गरेका छन् ।







**पाँच वर्षे रणनीतिक योजना निर्माण**

दलित महिला सञ्जाल कीर्तिपुरमा २०१९ को फेव्रुवरीमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा दर्ता भएपछिको शुरुवाती चरणदेखि स्थानीय सरकारको सहयोगमा विभिन्न कानुनी सचेतना, आयमूलक तालिम र पैरवीका क्रियाकलापहरु संचालन गर्दै आईरहेको छ । संस्था संचालन गर्न आर्थिक अभावका कारण यसले कार्यालयको भाडा तिर्न नसक्दा सम्पर्कका लागि कार्यालय संचालन गर्न कठीन परिस्थितिको सामना गरिरहेको थियो । संस्थालाई निरन्तरता दिन र स्रोत जुटाई व्यवस्थापन गर्न दीर्घकालीन योजनाले सहज हुने हुँदा टेवालाई प्रस्तावना पेश गरे अनुसार पाँच वर्षे रणनीतिक योजना (२०२३ - २०२७) निर्माण गरिएको छ । बाहय परामर्शको सहयोगमा २०८० साल जेष्ठ देखि साउन सम्म तीन महिनाको अवधिमा रणनीतिक योजना निर्माण कार्य सम्पन्न भएको छ । विगतको अनुभव, सिकाई, अवसर, चुनौतीका आधारमा रणनीतिक योजना निर्माण गरिएको छ ।



## ग. दलित महिलाको मानवअधिकार र न्यायमा पहुँच सुदृढिकरण कार्यक्रम

**दलित महिला अभियान्ताहरुको समुह गठन र परिचालन**

दलित, सीमान्तकृत र अन्य बहिष्करणमा पारिएका महिलाको मानव अधिकारको प्रवर्दन र संरक्षण गर्न महिला मानव अधिकार रक्षकहरूको भूमिकामा सक्रिय रुपमा कार्य गर्न दलित महिला अभियानका अगुवाहरुको समूह गठन गरिएको छ । समूहमा २२ जना दलित महिलाहरु आवद्द भएका छन् । सामुदायिक स्तरमा जातीय विभेद, लैङ्गिकतामा आधारित हिंसा र अन्य प्रकारका भेदभावबाट प्रभावित महिलाहरूको लागि मानव अधिकार र न्यायमा समूहलाई परिचालन गर्न, महिला अभियानका अगुवाहरूको मासिक बैठक संचालन भईरहेको छ । मानवअधिकार उल्लङ्घन (जातीय विभेद र लैङ्गिकतामा आधारित हिंसा तथा भेदभाव) पीडितहरूलाई कानूनी सहायता प्रदान गर्न महिला मानव अधिकार रक्षकका रुपमा समूहका सदस्यहरुलाई उत्प्रेरित र उन्मुख गराउँदै लगिएको छ ।

**सतर्कता/निगरानी समिति गठन र परिचालन**

लैङ्गिकतामा आधारित हिंसा र मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन र कानुनी रुपमा सहयोग गर्न मानवअधिकारकर्मी, दलित महिला कार्यकर्ता र स्थानीय रूपमा निर्वाचित जनप्रतिनिधिहरु, महिला नेताहरू बीच नगरपालिका स्तरमा एक निगरानी/सतर्कता समिति गठन गरिएको छ । कीर्तिपुर नगरपालिकाका प्रत्येक वडाबाट एक एक जना दलित र गैरदलित समुदायका महिला नेताहरु, स्थानीय न्यायिक समिति, वार्ड-स्तरीय मेलमिलाप केन्द्र, सामुदायिक प्रहरीको प्रतिनिधित्व गरी १६ जनाको संलग्नतामा समितिलाई सक्रिय बनाईएको छ । समुदाय स्तरमा हुने लैङ्गिकतामा आधारित हिंसा, जातीय विभेद तथा छुवाछूत र अन्य मानवअधिकार उल्लङ्घनका घटनाहरूको पहिचान र अनुगमन गरी यसलाई नियन्त्रण र रोकथाम गर्न सतर्कता समिति क्रियाशील हुनेछ ।

**समन्वय बैठक**

"दलित महिलाहरुले भोग्दै आएका जातीय विभेद तथा छुवाछूत अन्त्यका लागि स्थानीय न्यायिक समितिको भूमिका" विषयक समन्वय बैठक २०८० साल असार २८ गते कीर्तिपुर नगरपालिकाको

बैठक कक्षामा सम्पन्न गरियो । उक्त समन्वय बैठकमा वकिलमार्फत जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सँजाय) ऐन, २०६८ (पहिलो संशोधन ऐन, २०७५) का बारेमा सहभागीहरुलाई जानकारी गराईएको थियो । साथै दलित महिलाहरुले भोग्दै आएका जातीय विभेद तथा छुवाछूत अन्त्यका लागि न्यायिक समिति, वडाध्यक्ष, प्रहरी, निर्वाचित जनप्रतिनिधिहरु, मेलमिलापकर्ता र नागरिक समाजका प्रतिनिधिहरुसँग छलफल गरिएको थियो । जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभावको कसूर र सँजायको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनबारे समुदायमा जनचेतना अभिवृद्दि र कार्यान्वयनका लागि समन्वय र सहकार्य गर्दै जाने प्रतिवद्दता बैठकमा सहभागी प्रतिनिधिहरुले व्यक्त गरेका थिए ।

## ३. कार्यक्रम संचालन गर्दा आईपरेका समस्या र चुनौतीहरु

- कम साक्षरता भएका दलित महिलाहरुलाई स्पष्ट रुपमा बुझाउन कठिनाई परेको
- कानूनी सचेतना र पीडित दलित महिलालाई न्यायको प्रक्रियामा लैजान पूर्ण जानकारी र उत्प्रेरणा प्रदान गर्न नसकिएको

## ४. समस्या र चुनौती समाधानका लागि गरिने प्रयासहरु

- तालिमका विषयवस्तु र तरीकाहरु सहभागिहरुको स्तर अनुसार व्यवस्थित र बुझाउन सकिने गरी छनौट गर्ने ।
- दलित महिलाहरुले न्याय पाउने किसिमले आगामी दिनहरुमा कानुनी प्रक्रियाका बारेमा थप जानकारी दिने उपायहरु अवलम्बन गर्ने
- चुनौतीहरुलाई समाधान गर्न सहभागीता गराइने व्यक्तिहरुको चाहना, आवश्यकता र स्तर अनुसार सहभागी छनौट गरी विषयवस्तुबारे स्पष्ट गर्ने । कानुनी प्रक्रियाका बारेमा थप जानकारी गराउँदै निगरानी समितिलाई जातीय विभेद तथा लैङ्गिकतामा आधारित हिंसा रोकथामका लागि सक्रियताकासाथ परिचालन गर्ने ।

## ४. दिगोपना

कार्यक्रम संचालन गरेपछि दलित महिला अभियानकर्ता, स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधि र संस्थाका सदस्यहरुको नेतृत्व विकास र कानूनी सहयोगका लागि काम गर्न थोरै मात्रामा भएपनि ज्ञान र जानकारी हासिल गरेका छन् । दलित महिलाहरुले भोग्दै आईरहेका जातीय विभेद तथा छुवाछुत र लैङ्गिकतामा आधारित हिंसा रोकथामका लागि दलित महिला अभियानकर्ताहरुको समूह गठन र निर्वाचित महिला जनप्रतिनिधि र संस्थाका सदस्यहरु सम्मिलित निगरानी समिति गठन भई जातीय विभेद र लैङ्गिक हिंसा रोकथामका लागि निरन्तरता पाएको छ । यसलाई आगामी दिनहरुमा थप सक्रियता र निरन्तरता दिईनेछ । संस्थाले निर्माण गरेको पाँच वर्षे रणनीतिले दिगोपनाका लागि अघि बढ्न स्पष्ट दिशा निर्देश गरेको छ । संस्थागत विकास गर्दै कार्यक्रमको उपलब्धिलाई दिगो राख्न संस्थाले योजनावद्द रुपमा कार्य गर्दै जानेछ ।

## विगतदेखि अहिलेसम्मका मुख्य उपलब्धिः

- ४७ जना दलित महिलाहरूलाई जुत्ता बनाउने र लुगा सिलाई सम्बन्धी उद्यमशीलता सीप विकास तालिम प्रदान गरियो, जसमा २२ जना दलित महिलाहरूलाई जुत्ता बनाउने र कपडा सिलाई मेसिन वितरण गरियो। दलित महिलाले समुहमा जुत्ता र कपडा उत्पादन गरी बजारीकरण गर्न थालेका छन् ।
- दलित र सीमान्तकृत समूहका जम्मा १५० विद्यालय जाने बालबालिकालाई विद्यालय शिक्षा जारी राख्न शैक्षिक सामग्री (पुस्तक, नोटबुक, कलम, स्कुल झोला, जुत्ता, पोशाक) उपलब्ध गराइयो। । दलित र सीमान्तकृत समूहका कूल ३० एसईई परीक्षामा सहभागी विद्यार्थीहरूले आफ्नो थप शिक्षा र भविष्यको करियरलाई विकास गर्न तीन महिनाको ब्रिज कोर्समा भाग लिएका छन् ।
- कुल २२५ महिला (स्थानीय रूपमा निर्वाचित दलित महिला, महिला कार्यकर्ता, महिला मानव अधिकार रक्षक र महिला समूह नेताहरू) लाई समाजमा हुने गरेका जातीय भेदभाव, लैङ्गिकतामा आधारित हिंसा, र अन्य विभेद रोक्न नेतृत्व विकास, कानूनी सशक्तिकरण, आत्म-हेरचाह र कानुनी सहयोग जस्ता तालिम प्रदान गरियो ।
- दलित र सीमान्तकृत समूहका जम्मा ६० जना महिला तथा किशोरीहरूलाई सेनेटरी प्याड वितरण गरी प्रजनन स्वास्थ्यबारे जानकारी गराईयो ।
- दलित र सीमान्तकृत समूहका २० जना महिलाहरूलाई आधारभूत र उन्नत सिलाई तालिम प्रदान गरियो र माग अनुसार बजारीकरणका लागि कपडा उत्पादन गर्न समूहमा सिलाई केन्द्र स्थापना गरिएको छ ।
- आय आर्जनका लागि कीर्तिपुर नगरपालिकाको वडा नं. ९ को दलित महिला समूहलाई सामुदायिक किराना पसल सञ्चालन गर्न आर्थिक सहयोग गरिएको थियो ।
- कीर्तिपुर नगरपालिकाका वडा नं ४ र ५ मा २० दलित तथा सीमान्तकृत महिलालाई आम्दानीका लागि बाखा पालनमा सहयोग गरिएको छ ।
- दलित र सीमान्तकृत समूहका १५ युवाहरूलाई सांगीतिक ज्ञान र सीप प्रवर्दन गर्न तीन महिनाको संगीत तालिम प्रदान गरियो ।
- कुल २५ बेरोजगार र शिक्षित महिलाहरूलाई सामुदायिक विकासको लागि उनीहरूको ज्ञान र सीपहरू अभिवृद्धि गर्न तीन दिने प्रस्ताव लेखन र स्रोत परिचालन तालिम प्रदान गरियो ।
- कीर्तिपुर नगरपालिकाले तर्जुमा गरेको लैससास नीति कार्यान्वयनमा सहयोग पुऱ्याउन दलित र सीमान्तकृत समूहका ३० जना महिलालाई दुई दिने लैङ्गिक समानता र सामाजिक समावेशीकरण तालिम प्रदान गरियो ।
- २४ जना महिला अधिकारकर्मी र महिला मानवअधिकार रक्षकहरूलाई कोभिड महामारी र त्यस पछिको मनोसामाजिक समस्याबाट प्रभावित मानिसहरूलाई परामर्श सेवा प्रदान गर्न तीन दिने मनोसामाजिक परामर्श सम्बन्धी अभिमुखीकरण गरियो ।

- दलित र अन्य सीमान्तकृत समूहका १०० जना महिलालाई कोभिडको समयमा स्वास्थ्य जोखिम न्यूनीकरण गर्न उचित सरसफाई, व्यवहार परिवर्तनतर्फ उत्प्रेरित गर्न स्वास्थ्य तथा सरसफाइ किटहरू (मास्क, सेनिटाइजर, साबुन, सेनेटरी प्याड, पल्स अक्सिमिटर आदि) वितरण गरियो ।
- कम आय भएका अति जोखिममा रहेका दैनिक ज्याला मजदुरी गर्ने, गर्भवती महिला, अपाङ्गता भएका, दीर्घरोगी, सुत्केरी महिला भएका ७० घरधुरीलाई खाद्यान्न वस्तु (२५ किलोग्राम चामल, दाल, खाना पकाउने तेल, नुन, चिनी, आदि) वितरण गरिएको थियो ।
- कुल ४० जना दलित महिलालाई आफ्नो पेशालाई उद्यम र व्यवसाय विकासको रूपमा प्रवर्दन गर्न टेलरिङ र जुत्ता बनाउने मेसिन उपलब्ध गराइयो ।
- कीर्तिपुर नगरपालिकामा जातीय विभेद र लैङ्गिक हिंसा रोक्न २२ जना दलित महिला मानवअधिकार रक्षक र १५ सदस्यीय सतर्कता समिति गठन गरी परिचालन गरिएको छ ।
- जम्मा ५१ जना दलित र सीमान्तकृत महिलालाई डल्ला साबुन बनाउने, शौचालय सफा गर्ने, फिनाईल र झोल साबुन बनाउने उद्यममा तालिम प्रदान गरियो र महिलाहरुले सामूहिक रूपमा उद्यम व्यवसाय सुरु गरिसकेका छन् ।